द.नं. ७६/२०५३/०५४
स्थायी लेखा नं.: ३०३३६३५३८

# चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून)

## Chitwan District Saving & Credit Co-operative Union Ltd. (CHIDSCUN)

भरतपुर महानगरपालिका-१०, चितवन, नेपाल

ऐक्यबद्धता लोगो
नेपाल

**संरक्षक**

विद्या कोइराला

**प्रकाशन उप-समिति**

संयोजक : इश्वरी शर्मा ढकाल

सदस्य : सुदीप रेग्मी

सदस्य : गोविन्दप्रसाद भट्टराई

सदस्य : नारायणप्रसाद कंडेल

सदस्य : आरती पन्त

सदस्य : अनिता न्यौपाने

सदस्य : पुरुषोत्तम ढकाल

भरतपुर महानगरपालिका-१०, चितवन, नेपाल

२०८० मंसिर २३ गते

मुद्रणः

सिद्धबाबा अफसेट प्रेस

भरतपुर, हाकिमचोक, चितवन, सम्पर्कः ९८४५१९९६७३। इमेलः sandip.siddhababa@gmail.com

E-mail: cdsccuchitwan@gmail.com
फोन नं.: ०५६-५९४३५०

द.नं. ७६/२०५३/०५४
स्थायी लेखा नं.: ३०३३६३५३८

# चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून)
Chitwan District Saving & Credit Co-operative Union Ltd. (CHIDSCUN)

ऐक्यबद्धता लोगो
नेपाल

भरतपुर महानगरपालिका-१०, चितवन, नेपाल

च.नं.४२/२०८०/०८१

मिति:२०८०/७/२०

श्री अध्यक्षज्यू
संघमा आबद्ध सबै साकोसहरु
चितवन ।

**विषय: २४औं वार्षिक साधारण सभा सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस संघको विनियम २०५३ दोश्रो संशोधन (२०७७) को दफा ६ को उपदफा ३६ बमोजिम मिति २०८०/७/१० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार २४औं वार्षिक साधारण सभा तपसिलको मिति, समय र स्थानमा राखिएको हुँदा उक्त साधारण सभामा निम्न लिखित प्रस्तावहरु माथि छलफल गरी पारित गर्नुपर्ने भएकाले त्यस संस्थाबाट संलग्न प्रतिनिधीको फाराम भरि एक जना प्रतिनिधि मिति २०८० मंसिर १७ गतेभित्र यस संघमा आइपुग्ने गरी पठाईदिनहुन अनुरोध छ ।

**छलफलका प्रस्तावहरुः-**

१. आ.व.२०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व.२०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम छलफल र पारित सम्बन्धमा ।
२. आ.व.२०७९/०८० को आर्थिक प्रतिवेदन तथा आ.व २०८०/०८१ को प्रस्तावित बजेट छलफल र पारित सम्बन्धमा
३. आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन पारित सम्वन्धमा ।
४. आ.व २०७९/०८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल र पारित सम्वन्धमा ।
५ आ.व.२०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने सम्वन्धमा ।
६. संचालक समिति, उपसमितिको बैठक भत्ता तथा व्यवस्थापकको पारिश्रमीक सम्बन्धमा ।
७. निर्णय पुस्तिकामा हस्ताक्षरको लागि प्रतिनिधी तोक्ने सम्वन्धमा ।
८. संघको विनियम संशोधन, आन्तरिक नीति, कार्यविधि तथा समसामयिक विषयहरु माथि छलफल र पारित सम्बन्धमा
९. विविध ।

**तपसिल**
मिति-२०८०/०८/२३ शनिबार
समय- विहान ११ बजे
स्थान- जिल्ला सहकारी संघ लि.को सभाहल, भरतपुर, चितवन ।

...................
**सुदीप रेग्मी**
सचिव

E-mail: cdsccuchitwan@gmail.com
फोन नं.: ०५६-५९४३५०

# चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून)

Chitwan District Saving & Credit Co-operative Union Ltd. (CHIDSCUN)

भरतपुर महानगरपालिका-१०, चितवन, नेपाल

## प्रतिनिधि – फारम

संस्थाको नामः

ठेगानाः
गाउँपालिका/न.पा./महानगरपालिका................................................वडा नं..........
टोलः.............................., मार्ग/चोकः............................, प्रदेशः.................
जिल्लाः......................................फोन नं.:..............................................
इमेलः................................................., अध्यक्षको मो.नं.:.........................

## २४औं साधारणसभा सहभागिताको लागि आधिकारिक निर्णयः

यस संस्थाको मिति..................साल............महिना........गते बसेको सञ्चालक समिति/साधारण सभाको निर्णय नं.......... अनुसार चितवन जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.को २०८० साल मंसिर २३ गते सम्पन्न हुने २४औं साधारण सभा प्रतिनिधित्व गर्न यस संस्थाको तर्फबाट तपसिलमा उल्लेखित व्यक्तिलाई मनोनयन गरी पठाइएको व्यहोरा अनुरोध छ।

## प्रतिनिधिको विवरण

नाम र थरः............................................................ सदस्यता नं.: ......................
ठेगानाः ......................................... जिल्लाः ............................ म.न.पा./न.पा./
गाउँपालिका ....... वडा नं.:................................गाउँ/टोल
पेशाः ................................................ शैक्षिक योग्यताः ................................
सम्पर्क नं.:............................................ इमेलः .........................................
संस्थामा निहित पदः .............................. संस्थामा सदस्यता लिएको मितिः.......................

दस्तखत नमूनाः

**प्रतिनिधि मनोनयन गर्ने संस्थाको तर्फबाट प्रमाणित गर्नेको विवरणः**

दस्तखतः ..................................................
नाम, थरः .................................................
संस्थामा निहित पद : अध्यक्ष/सचित/

**पुनश्चः** फारममा एकप्रति प्रतिनिधिको फोटो टाँस्ने र साधारण सभामा प्रतिनिधि परिचय-पत्रका लागि थप एकप्रति फोटोसमेत पठाइदिनुहुन।

# चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून)

## Chitwan District Saving & Credit Co-operative Union Ltd. (CHIDSCUN)

भरतपुर महानगरपालिका–१०, चितवन, नेपाल

ऐक्यबद्धता लोगो
नेपाल

## एक झलक

| | | |
|---|---|---|
| दर्ता नं | : | ७६ |
| दर्ता मिति | : | २०५३/११/२९ |
| दर्ता समयमा शेयर सदस्य संस्था | : | ९ |
| हाल शेयर सदस्य संस्था | : | २०८ |
| शेयर पुँजी | : | रु. १,९०,५१,०००।- |
| बचत निक्षेप | : | रु. २३,२४,८४,३६७।५० |
| ऋण लगानी | : | रु. १०,९९,२५,६०१।४२ |
| जम्मा आम्दानी | : | रु. २,२१,५९,२५०।४५ |
| जम्मा  खर्च | : | रु. १,६५,४५,६५५।०६ |
| शुद्ध मुनाफा | : | रु. ५६,१३,५९५।३९ |
| कुल सम्पत्ती | : | रु. २६,७०,१६,६४४।९८ |
| सञ्चालक सदस्य | : | ११ जना  (५ महिला, ६ पुरुष) |
| अध्यक्ष | : | श्री विद्या कोइराला |
| कर्मचारी संख्या | : | ३ (२ महिला, १ पुरुष) |

E-mail: cdsccuchitwan@gmail.com
फोन नं.: ०५६-५९४३५०



# शुभकामना

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि सार्वजनिक, निजी र सरकारी क्षेत्र सहितको तीन खम्वे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा विदितै छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य भएको हुँदा केन्द्रीय, प्रदेशस्तरीय तथा जिल्लास्तरीय सहकारी संघहरूबाट सरोकारवाला निकायहरू बीच समन्वयकारी भूमिका निर्वाह हुने अपेक्षा राखेका छौं ।

यस सन्दर्भमा **चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. चिवतवनको २४औं बार्षिक साधारण सभाको** पूनित अवसरमा उक्त संघको बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

आफ्नो मातहतका सदस्य सहकारी संस्थाहरुको विकास र प्रबर्द्धनमा क्रियाशील यस संघलाई साधारण सभाको अवसरमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको तर्फबाट हार्दिक वधाई ज्ञापन गर्न चाहान्छौं । साथै, संघले विषम परिस्थितिमा समेत आफ्ना सदस्यहरुको उत्थानमा कार्य गरेको र सहकारी अभियानको सुदृढीकरणका लागि खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दै हार्दिक धन्यवाद ज्ञापन समेत गर्न चाहन्छु । संघले प्रकाशन गर्ने **प्रतिवेदनले** नेपालको सहकारी अभियान र त्यस संघको विषयमा महत्वपूर्ण जानकारी हासिल हुने विश्वास लिएको छु ।

आबद्ध सहकारी संस्थाहरूको कारोवारलाई व्यवस्थित रुपमा सुसंचालन गर्न/गराउन समेत त्यस संघले गरेका प्रयासहरू प्रशंसनीय रहेका छन् । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी संस्थाहरूलाई आवद्ध गर्दै सु-संचालनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमलाई अझ व्यापक रुपमा संचालन गरी सहकारीको गुणात्मक विकासमा योगदान दिन संघले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको र अगामी दिनमा पनि गर्ने छ भन्ने विश्वासकासाथ एकीकरण अभियानलाई समेत प्रभावकारी रुपमा संचालन गर्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, सहकारी सिद्धान्तको पूर्णपालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरूले दिशानिर्देश गर्ने अपेक्षाकासाथ **चितवन जल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडलाई** उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता



श्री अध्यक्षज्यू
चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
भरतपुर म.न.पा-१०,
बाईपास, चितवन ।

## शुभकामना

यस संघमा आबद्ध **चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि**. को २४औं बार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको २४औं बार्षिक साधारणसबाट कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभावको सम्बोधनका लागि व्यवसाय पुनरुत्थान सहित सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!
मितिः २०८०/०७/२१

परितोष पौड्याल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

"सुदृढ अभियान, सशक्त तथा सक्षम संघ" दर्ता नं. ०००१/२०७७/०७८

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

Bagamati Province Cooperative Union Limited (BPCL)

मिति :२०८०/०७/२०

प.सं. : २०८०/०८१

च.नं. : ८०



## शुभकामना !

**चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड,**

**भरतपुर चितवन ।**

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्यूनिकरणका लागि सार्वजनीक, निजी र सहकारी क्षेत्र सहितको तीनखम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेकोले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा विदितै छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य रहेको छ ।

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडले चितवन जिल्ला भित्र दर्ता भएका सम्पूर्ण सहकारी वचत संघ/संस्थाहरुको छाता संघको रुपमा आफ्नो भूमिका प्रभावकारी रुपमा निर्वाह गर्दै आईरहेको हामिले पाएका छौं । आवश्यकता अनुसार सदस्यहरुको विकास र प्रवर्द्धनका लागि वचत संघले सञ्चालन गरेका कार्यक्रमहरुले अझ थप निरन्तरता प्राप्त गर्न सकोस् । वर्तमान विषम परिस्थितिबाट निकासा पाउनका लागि सहकारी अभियानले सहकार्य र आपसी एकता कायम गर्नुको विकल्प छैन । त्यसैले त्यस दिशातर्फ अग्रसर हुने प्रेरणा मिलोस् भन्ने कामना व्यक्त गर्दछु । चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड चितवनको २४ औं वार्षिक साधारणसभाको अवसरमा वचत संघका पदाधिकारी, कर्मचारी तथा आबद्ध सम्पूर्ण सदस्य संघ/संस्थाहरुमा बागमती प्रदेश सहकारी संघ लिमिटेड र मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । साथै आगामी दिनहरुमा बचत संघको प्रगतिको थप उचाई कायम होस् भन्ने कामना व्यक्त गर्दछु ।

अन्त्यमा, सहकारीको मूल्य, मान्यता र विश्वव्यापी सिद्धान्तहरुको पूर्ण रुपमा पालना गर्दै अगाडी वढीरहेको चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड चितवनले सहकारी क्षेत्रमा देखिएको भ्रमलाई चिर्दै सहकारी अभियानलाई सामान्य अवस्थामा पुर्याउन ठोस भूमिका निर्वाह गर्न सकोस् भन्ने कामना प्रकट गर्दछु ।

धन्यवाद ! जय सहकारी !!

रामशरण शर्मा घिमिरे
अध्यक्ष

ललितपुर महानगरपालिका - १५, ललितपुर, फोन: ०१-५५२०३२६
Email: bpcoul077@gmail.com

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

आवद्धता

# बागमती प्रोस्कून
## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
**Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.**

केन्द्रीय कार्यालय: बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक

मिति : २०८०/०८/१
प.सं. : २०८०/०८१
च.नं. : २००

श्रीमान अध्यक्ष ज्यू,
चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
भरतपुर महानगरपालिका-१०, चितवन

**हार्दिक शुभकामना**

चितवन जिल्ला भित्र स्थापित बचत तथा ऋण सहकारी संस्थाहरुको दिगो विकास र स्थानीय तहहरुसंग बहस र पैरवीमा क्रियाशिल यस बागमती प्रोस्कूनको सदस्य संघ **चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** (**चिस्कून**) ले आफ्नो नियमित २४ औं वार्षिक साधारणका सन्दर्भमा संघका गतिविधी सहित प्रकाशन गर्न लागेको वार्षिक प्रगति प्रतिवेदनमा यस संघको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून) को २४ औं वार्षिक साधारण सभाले चितवन जिल्लामा स्थापित भई क्रियाशिल रहेका प्रत्येक बचत तथा ऋण सहकारी संस्थाहरुलाई चिस्कूनको छातामा सञ्जालीकृत गर्दै सहकारीका सिद्धान्त, सहकारी मूल्य मान्यता र बचत तथा ऋण सहकारीको प्रादेशिक, संघिय र अन्तराष्ट्रिय सञ्जालले विकास गरेको अशल अभ्यासहरुको अनुसरण गराउनुका साथै संघिय, प्रादेशिक र स्थानीय सहकारी ऐन, नियमावली एवम् मापदण्डको पालना गर्न उत्प्रेरणा प्रदान गर्दै सहकारीमैत्री कानुनी वातावरण निर्माणमा स्थानीय तह, प्रदेश र संघिय सरकारसंग सहकारी अभियानको तर्फबाट बहस पैरवीका लागि ऐक्यवद्धता गर्दै सहकारीको संवैधानिक व्यवस्था अनुसारको भूमिका निर्वाहमा प्रभावकारित वृद्धि होस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

बचत तथा ऋण सहकारीमा पैदा हुन सक्ने सम्भावित वित्तीय जोखिमबाट आफ्ना सदस्य बचत तथा ऋण सहकारी संस्थाहरुलाई सुरक्षित राख्नका लागि विभिन्न किसिमका कार्यक्रमहरुको आयोजना गर्दै सुसूचित गर्नु पर्ने आजको आवश्यक्तालाई आत्मसाथ गर्दै बचत तथा ऋण सहकारी अभियानका सामूहिक आवाजलाई बुलन्द गर्नका लागि चिस्कूनको गति अझै तिब्र र गतिशिल बनाउनका लागि अनुरोध गर्दछौं ।

अन्तमा, संघको २४ औ वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना व्यक्त गर्दै संघको वर्तमान संचालक समितिको कार्यकाल स्वर्णिम कार्यकालको रुपमा सफल होस भन्दै संघको संचालक समिति, लेखा सुपरीवेक्षण समिति र आवद्ध सम्पूर्ण सदस्य संस्थाहरुको उत्तरोत्तर प्रगतिको लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८० मंसिर १ गते शुक्रबार

उद्धव सापकोटा
अध्यक्ष

Head Office: Banepa-07, Kavrepalanchok
Tel.: 011-665368
Email: bagmatiproscun@gmail.com
www.bagmatiproscun.org.np

**जिल्ला सहकारी संघ लि.**
**District Co-operative Union Ltd.**

र.नं. ३ घ ६।११४३।०३४
पान नं. ६०१३५७५३२
भरतपुर, चितवन
☎ ०५६-५९५२७०
इमेल: dcuchitwan85@gmail.co

प.सं./च.नं. २०८०।२०८१ / ११३

मिति : २०८०।०८।०८

# शुभकामना सन्देश

यस **चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**को २४ औं **बार्षिक साधारण सभा**को अवसरमा शुभकामना व्यक्त गर्न पाउदा खुसी लागेको छ । गत आ.व. २०७९।२०८० को वार्षिक प्रगती विवरण साधारण सभामा प्रस्तुत गर्ने, वार्षिक बजेट पासपारित गर्ने, संस्थाद्धारा आगामी बर्षका लागि संचालन गरिने कार्यक्रमहरु पारित गराउने उद्धेश्यले ऐन र नियमावलीको अधिनमा रहि विनियमको पूर्ण रुपमा पालना गर्दै साधारण सभाको आयोजना गर्नु भएको छ भन्ने कुरामा पूर्ण विश्वस्त हुदै संघको तर्फबाट हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछु।

**समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय अभिष्ठ पुरा गर्न संविधानले तीन खम्बे अर्थ निति स्वीकार गर्दै जसरी सहकारीलाई जिम्मेवार भूमिका निर्वाह गर्न निर्दिष्ठ गरेको छ, त्यसै गरि सहकारीहरु पनि जवाफदेहिताका साथ प्रस्तुत हुन जरुरी छ। निति, विधि र प्रविधि मार्फत सुशासनयुक्त संघ/संस्था निर्माण गर्नु हामी सहकारी कर्मिहरुको मुलधर्म हो।

हाल राष्ट्रिय रुपमा देखिएको तरलता अभावका कारण संस्थाहरुको कारोवारमा पनि सुस्तता आएको छ । जसले सदस्यहरुको जनजिबनमा पनि ठूलो अप्ठेरो अवस्था सिर्जना गरेको छ । यस परिस्थितिमा धैर्य रहदै सन्तुलित कारोवारलाई प्राथमिकतामा राखेर कार्य सम्पादन गर्नु सहकारीलाई सम्भावित ठूलो जोखिमवाट बचाउनु हुनेछ ।

अन्तमा लामो आरोह, अवरोह पार गर्दै आफ्नो २४ औं बार्षिक उत्सवमा प्रकाशित गर्न लागिएको **बार्षिक प्रतिवेदन पुस्तिका** सम्पुर्ण सहकारीकर्मीलाई उपयोगी हुने गरी सही र तथ्यमा आधारीत हुन सकोस भन्ने शुभेच्छा सहित **चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**को पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**जय सहकारी !!!**

हरि प्रसाद पौडेल
अध्यक्ष

साझा पेट्रोल पम्प भरतपुर-१० चितवन ☎ ०५६-५९५२२०

# अध्यक्षको मन्तव्य

यस गरिमामय २४ औं वार्षिक साधरणसभाका प्रमुख अतिथिज्यू तथा सदस्य संस्थाका प्रतिनिधिज्यूहरू सञ्चालक समितिका पदाधिकारी तथा संचालक साथीहरु, लेखासुपरीवेक्षण समितिका संयोजक लगायतका सदस्यज्यूहरु विभिन्न गठित उपसमिति का सदस्यज्यूहरु सबै पालिका स्तरीय सदस्य विस्तार तथा सञ्जाल संचालक उपसमिति का संयोजक एवं सदस्य साथीहरु, व्यवस्थापनतर्फका कर्मचारी मित्रहरू, पत्रकार तथा सुभेच्छुक सहकारी अभियन्ताज्यूहरू सबैमा जिल्ला बचत तथा ऋण सहकारी संघको तर्फबाट हार्दिक स्वागत गर्दै जय सहकारी नमन गर्दछु ।

नेपालको सहकारी अभियानमा जननी जिल्लाको रूपमा परिचित, चितवन जिल्लामा बचत तथा ऋण सहकारी संस्थाको छाता संघ निर्माण गर्ने उद्देश्यले तत्कालीन जिल्ला सहकारी कार्यालयमा दर्ता नं. ७६/२०५३ साल फाल्गुन २९ गते दर्ता भई संचालनमा रहेको यस संघले २६ वर्ष पार गरी २७ औँ वर्षको यात्रा गरिरहँदा हामी आज संघको २४औ वार्षिक साधारण सभामा सहभागी भएका छौँ । आजको यस गरिमामय सभामा चितवन बचत तथा ऋण सहकारी संघ लि.को परिकल्पना गर्नुहुने, संस्थापक अध्यक्षज्यू लगायत पूर्व अध्यक्षज्युहरु, संचालकज्यूहरु एवं सहकारी अभियानका समस्त अग्रजहरुको यो गदानप्रति उच्च सम्मान गर्दै हादिक आभार प्रकट गर्दछु ।

संघको २३औँ वार्षिक साधारण सभाबाट हाम्रो नेतृत्वमा निर्वाचित संचालक समितिलाई विश्वास गरी सुम्पिनु भएको कार्यभारप्रति हामी सजक छौँ । यो अवसर प्रदान गनुहुने सबै सहकारी अभियानकर्मीहरु प्रति आभार प्रकट गदै धन्यवाद दिन चाहन्छु साथै आगामी दिनको समेत निरन्तर साथ सहयोग, सहकार्य एवं सकरात्मक पृष्ठपोषणको अपेक्षा गरेको छु ।

यस संघको आबद्ध सदस्य संस्थाहरुलाई वित्तीय तथा गैह्र वित्तीय सेवाहरु प्रदान गर्ने उदेश्यले समुदायमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी समुदायको वित्तीय आवश्यकतालाई स्थायी रूपमा परिपूर्ति गर्नका लागि परेका आफ्ना सदस्य संस्थाहरुको प्रवर्द्धनार्थ संस्थागत दिगो विकासका लागि सदा तत्पर र हिआएको छ, यस संघले दर्ता अवधिदेखि लामो समयसम्म विभिन्न सदस्य संस्थाहरुको आश्रयमा

आफ्नो कार्यालय सचालन गर्दै आएको  पछिल्ला दिनहरुमा जिल्ला सहकारी संघले उपलब्ध गराएको दुई कोठामा कार्यालय संचालन गदै आएको छौं । नेफ्स्कूनसँगको साझेदारीमा सञ्चालित स्टेशनरी बिक्री वितरण गर्नका लागि थप एक सटर कोठा र सटर कोठासँगै जोडिएको कोठा भाडामा मासिक छ हजार पाच सयमा लिई सदस्य सेवा विभाग निर्माण गरी सदस्यहरुकै हितका लागि फिल्ड अधिकृत पुरुषोत्तम ढकाल सरलाई अफिस व्यवस्थापन गरी संचालनमा ल्याएका छौं । बचत संघको तर्फ निवेदनबाट माग भए बमोजिम आ.व. २०८०/०८१ देखि जिल्ला सहकारी संघ लि.ले बचत संघको कार्यालय व्यवस्थित रूपमा संचालन गर्नका लागि उपयुक्त ठाँउमा स्थान उपलब्ध गराउने निर्णय भए बमोजिमा बचत संघको तर्फबाट जिल्ला सहकारी संघ लि. का अध्यक्ष एवं संचालकज्यूहरुमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

**आदरणीय प्रतिनिधिज्यूहरु**

कोभिड-१९ महामारीको प्रभाव आज पनि विभिन्न स्वरूपमा देखापरिरहेको छ भने विश्वव्यापीरूपमा देखिएको आर्थिक मन्दीका कारण सम्रग अर्थतन्त्र प्रभावित भई वित्तीय क्षेत्रमा ठूलो असर परेको छ । जसका कारणले वित्तीय बजारमा देखिएको केही सहकारी संस्थाहरुको विचलित अवस्था र जनमानसमा सहकारीप्रतिको खस्कदो साख जोगाउने कार्य हामी सहकारीकर्मीहरुकै भएको हुँदा सदस्य संस्थाहरुको स्तरीय सञ्चालन, स्वनियमन र सुशासन सुरक्षित साकोस निर्माणका लागि नेफ्स्कूनले सञ्चालनमा ल्याएको नियमित सुपरिवेक्षणका लागि स्तरीकरण कार्यक्रम जोखिम परीक्षण कार्याशाला सार, जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम- कर्व्स, कार्यक्रमलगायत साझेदारीमा संस्थाहरुको स्थलगत र गैर स्थलगत निरीक्षण गरी कार्यविधि तयार गरी कार्यान्वयन गर्दै अगाडि बढाई संस्थाहरुलाई नीति, विधि र प्रविधि मार्फत सुशासनमा ल्याउन प्रयत्न गरिएको छ भने गुणस्तर सुनिश्चितता कार्यक्रम प्रोवेशन र एक्सेस कार्यक्रम सहभागी हुनका लागि आबद्ध संस्थाहरुलाई नेफ्स्कून सिफारिस गरिएको ।

२३औं वार्षिक साधारण सभाले पारित गरेका नीति कार्यक्रम र बजेटको सिमाभित्र रही चौथो रणनितिक व्यवसायिक योजनालाई आधारमानी संघले वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छौं । “सञ्जालिकृत व्यवसायिक साकोस सर्वोत्कृष्ट संघ” को परिकल्पनाबाट निर्देशन हुँदै वित्तीय सहकार ीहरुमा गुणस्तरीय उच्च प्रविधियुक्त सेवा सुनिश्चित गरी सदस्यहरुको जीवनस्तर परिवर्तन गर्ने कार्यमा सहकार्य गर्दै अगाडि बढेको छौ । आ.व.२०७९/०८० मा कूल सम्पत्ति २५ करोड १८ लाख ७४ हजार ५०२ रुपैयाँ पुऱ्याउने लक्ष्य लिएकोमा लक्ष्यभन्दा बढी १ करोड ५१ लाख ४२ हजार १ सय ४२ रुपैयाँ ५१ पैसा थप गर्न सफल भै....% प्रतिशतले वृद्धि गरी कूल पूँजी २६ करोड ७० लाख १६ हजार ६ सय ४४ रुपैयाँ ९८ पैसा पुऱ्याउन सफल भएका छौ भने चौथो रणनीतिक व्यवसायिक योजनाको समीक्षा गरी कार्यान्वयनतर्फ अगाडि बढाएका छौं । नेफ्स्कून र जिल्ला बचत संघको साझेदारी अन्तर्गतका शिक्षा तथा तालिम सदस्य साकोसका पदाधिकारी संचालक, समिति उपसमिती, कर्मचारीहरुको क्षमता अभिवृदि

गर्नका निम्ति वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुरुपका तालिमहरु संचालन गरेका छौ भने भरतपुर महानगरपालिकाको आर्थिक सहयोगमा थप ४ वटा तालिमसहित महिला शसक्तीकरण उपसमितिको सक्रियता महिला युवा गोष्ठी सम्पन्न गरेका छौ भने सदस्य संस्था अनुगमन निरीक्षण र परामर्श संस्थाको वित्तीय अवस्था, संस्थाको समस्या गुनासो सुनुवाई, संघ र सदस्य संस्था बिचको एकता, आत्मियता, सद्भाव र संघको व्यवसाय प्रवर्द्धनका लागि स्थलगत अनुगमन निरीक्षण र परामर्श राय सल्लाह सुझाव आदान प्रदान कार्यको थालनी गरेका छौ ।

संघमा संचालनमा रहेका बचतका प्रोडक्टहरुमा अधिकतम बचत गर्ने, अधिकृत शेयर जम्मा गर्ने साकोस र स्व.मूल्याङनका आधारमा सदस्यता वृद्धि कारोबारमा वृद्धि र शुसासन र स्व. नियमनमा संचालन भएका संस्था र साकोसका उत्कृष्ट कर्मचारीहरुलाई संघलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग गर्ने सदस्य संस्था र सहकारीकर्मीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्दै आएका छौ ।

शेयरपूँजीमा योगदान गर्ने सदस्य सस्थाहरुलाई ११.५ प्रतिशत शेयर लाभांश विवरण गरिने छ भने संरक्षित पूँजी फिर्ता कोष सोही आ.व. मा भएको बचतको ब्याज खर्चको आधारमा ३.११ प्रतिशत र सोही आ.व मा ऋण सेवा उपभोग गर्ने सदस्य संस्थाहरुले भुक्तानी गरेको ऋणको ब्याजको आधारमा ३.७८ प्रतिशतका दरले वितरण गरिने छ ।
भने चौथो रणनीतिक व्यवसायिक योजनाको दोश्रो वर्षको लक्ष्य शेयर रु.१९०५१०००।००
निक्षेप रु.२३२४४८४३६७।५०
जगेडा कोष रु. ६४६५९२४।००
ऋण लगानी रु. १०९९२५६०१।४२
र कूल सम्पत्ति २६ करोड ७० लाख १६ हजार ६ सय ४४ रुपैयाँ ९८ पैसा पुऱ्याउन सफल भएका छौ ।

संघको व्यवसायिक आचरण, संस्थागत सदस्य विस्तार तथा संजाल संचालन सूचना आदान-प्रदान लगायतका कार्यलाई व्यवस्थित गर्न र गराउन संजाल संचालन कार्य विधि तयार गरी कार्यान्वयन तर्फ अगाडि बढाउदै सबै पालिका स्तरमा संजाल उपसमिति गठन गरी सकेका छौ । आगामी दिनहरुमा संजाल समितिको तर्फबाट सहकारीको प्रवर्द्धन, स्तरोन्नती सुशासन र दिगो व्यवस्थापन गरी संघ र सदस्य संस्था बिच सुमधुर सम्बन्ध कायम गराउने कार्यमा थप सहयोग पुग्ने विश्वास लिएका छौ ।

अन्त्यमा यस गरिमामय २४औ वार्षिक साधारण सभा समक्ष संघको कार्य प्रगती विवरणका साथै संघको भावि कार्यक्रम तथा बजेट लगायतका प्रतिवेदनबाट जानकारी हुनेछ । प्रस्तुत प्रतिवेदनहरु माथि गहन छलफल गरी प्रदिवेदनलाई महत्वपूर्ण दस्तावेज बनाउन आवश्यक सुझावको अपेक्षा गर्दै सहभागी सभासदस्यहरुबाट सकरात्मक सहयोगको अपेक्षा गर्दछु । यस संघलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन

आ-आफ्नो कार्यकालमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूका, निवर्तमान अध्यक्षज्यू एवं उहाँहरुको नेतृत्वमा रहेर कार्य गर्नुहुने अन्य पदाधिकारी एवं संचालकज्यूहरु, सहकारी अभियानमा लाग्नुहुने अन्य व्यक्ति तथा संघ/संस्थाहरु पदाधिकारी तथा संचालकज्यूहरु, विभिन्न सहकारी निकाय तथा सम्पूर्ण सहयोगी शुभ चिन्तकहरुको सहयोग, सुझाव सल्लाहले नै संघलाई अगाडि बढाउन मद्दत पुऱ्याएको कुरा सर्वविदितै छ। यस अवसरमा व्यस्त समयका बावजुत साधारण सभामा शोभा बढाई उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरुलगायत सम्पूर्ण प्रतिनिधिज्यूहरु र कार्यक्रमलाई सभ्य र मान्यताका साथ पूर्णरूपमा सफल बनाउन सहयोग पुऱ्याउनुहुने सबै सबैमा जिल्ला संघको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

जय सहकारी

**विद्या कोईराला**
अध्यक्ष

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून)
Chitwan District Saving & Credit Co-operative Union Ltd. (CHIDSCUN)
भरतपुर महानगरपालिका–१०, चितवन, नेपाल

# विषयसूची


१) शुभकामना

- राष्ट्रिय सहकारी महासंघ लि., नेपाल ङ
- नेफ्स्कून च
- बागमती प्रदेश सहकारी संघ लि. छ
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. ज
- जिल्ला सहकारी संघ लि. झ

२) अध्यक्षको भनाई ञ

३) २४औं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट सचिव सुदिप रेग्मीद्वारा प्रस्तुत आ.व. ०७९/०८० को प्रगति प्रतिवेदन तथा आ.व. ०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम १

४) २४औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट कोषाध्यक्ष श्री गोविन्द भट्टराईद्वारा प्रस्तुत आ.व. २०७९।०८० को आर्थिक प्रगति प्रतिवेदन र आ.व २०८०।०८१ को अनुमानित बजेट २१

५) लेखा परीक्षण प्रतिवेदन ३१

६) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ४७

७) ऋण उप–समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन ५५

९) सञ्चालक समिति र उप–समितिहरुको नामावली ५८

१०) सदस्य संस्थाहरूको विवरण

११) निवर्तमान सञ्चालक समिति ६१